# नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## काभ्रेपलाञ्चोक

प्रथम पटक प्रकाशित मिति : २०७५/०५/१० गते

## सिलबन्दी दरभाउ पत्र (कोटेशन) आह्वानको सूचना

यस नमोबुद्ध नगरपालिकाको आ.व. २०७५/०७६ मा नगरपालिकाका बिभिन्न सवारी साधन पार्किङ्गका लागि पार्किङ्ग सेड निर्माण गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्महरुबाट निम्न लिखित शर्तहरूको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ।

**शर्तहरु :**

१) सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०७५/०५/२४ गते) सम्म कार्यालयको समय भित्र नगद रु. १०००।०० (एक हजार फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२) सिलबन्दी दरभाउपत्र खरिद गर्दा तथा पेश गर्दा चालू आ.व. को लागि नविकरण भएको इजाजत पत्रको प्रतिलिपी, आयकर एवम् मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ।

३) यो सूचना प्रकाशन भएको मितिले १६औं दिन (२०७५/०५/२५ गते) को १२:०० बजेसम्म नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी सिलबन्दी दरभाउ पत्र पेश गरि सक्नुपर्नेछ र दिनको १४:०० बजे कार्यालयमा खोलिनेछ।

४) सिलबन्दी दरभाउ पत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ।

५) हुलाक, कुरियर र ईन्टरनेटबाट पठाइएको सिलबन्दी दरभाउपत्र लाई मान्यता दिईने छैन।

६) सिलबन्दी दरभाउपत्र साथ माग गरिएका विडवण्ड रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक धुलिखेलमा रहेको (धरौटी खाता नम्बर ३-१०४०३०३००७१०३ (कार्यालय कोड नं. ३०-३६५-१६) मा नगद रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट नमोबुद्ध नगरपालिकाको नाउँमा जारी गरिएको दरभाउपत्र जमानत (दभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको) अनिवार्य पेश गर्नु पर्नेछ।

७) अन्य जानकारीको लागि यस कार्यालयमा समयभित्र फोनं. ०११-४०४०३१ मा सम्पर्क गर्न सकिनेछ तथा कार्यालयको वेवसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

| सि. नं. | सिलवन्दी दरभाउ पत्र | कामको विवरण | लागत ईष्टमेट (भ्याट वाहेक) | विडवण्ड वापतको रकम |
|---|---|---|---|---|
| १. | NMW०१/०७५/०७६ | पार्किङ्ग सेड निर्माण | रु. १४,१३,९६३।२१ | रु. ४०,०००।०० |